**मिति २०७८/३/१० गते नवौं गाँउसभामा उपाध्यक्ष श्री गिता विष्टज्यूले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम**

**आदरणीय सभाअध्यक्ष एवं गाउँ सभासदस्यज्यूहरु,**

**१.** यसगाउँपालिकाको नवौ गाउँसभाबाट आ.व.२०७८/०७९ को नीति तथा कार्यक्रम सार्वजनिक गर्न पाउँदा म गौरवान्वित भएको छु । यस अवसरमा इतिहासका विभिन्न कालखण्डमा भएका जनआन्दोलन,जनयुद्ध,०६२/०६३ को जनआन्दोलन लगायत विभिन्न आन्दोलन र संघर्षको क्रममा राष्ट्रका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान् शहीदप्रति भावपूर्ण श्रदान्जली अर्पण गर्दछु । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपाल निर्माण सम्मको चरणमा आइपुगदा घाइते तथा वेपत्ता पारिएका व्यक्ति र परिवार,शहिद परिवारप्रति आजको यस सभा मार्फत गहिरो दुःख र सहानुभूति व्यक्त गर्न चाहान्छु । मुलुकको राजनीतिक,आर्थिक एवं सामाजिक परिवर्तनमा युगान्तकारी रुपमा नेतृत्वदायी भूमिका खेल्नु हुने अग्रज राजनेताहरुप्रति हार्दिक सम्मान प्रकट गर्न चाहान्छु ।

**२.** सम्पूर्ण विश्व नै कोभिड-१९(कोरोना भाइरस) को दोस्रो लहरको महामारीको चपेटामा परिरहेको चुनौतीपूर्ण र असहज अवस्थाका वीच गाउँसभाको यस बैठकलाई सम्बोधन गर्दैछु । विश्वभरी फैलिएको कोरोना भाईरसको दोश्रो लहरको महामारीमा परी दिवागंत हुनु भएका नागरिकहरु प्रति हार्दिक श्रद्धान्जली प्रकट गर्दछु । कोभिड १९ लाई पराजय गरी कोभिडबाट मुक्त हुनु भएका सम्पूर्ण नागरिकहरु प्रति हार्दिक बधाई दिन चाहन्छु र हाल कोभिडसगँ लडिरहनु भएका सुनापतिवाँसीहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । नेपालको संविधानको कार्यान्वयन संगै स्थानीय सरकारको रुपमा हामीले काम गरेको चार वर्ष व्यतित भई सकेको छ । यस अवधिमा सुनापतिका सबै नागरिकहरुको घरघरमा विद्युत, टोल टोलमा सडक,खानेपानीको सुविधा, कृषिमा सुधार एवम् आधुनिकीकरण,स्वास्थ्य सेवामा सर्व सुलभ, सूचना प्रविधिको सुविधा लगायतसवै क्षेत्रमा उपलब्धीहरु हासिल गर्न सफल भएका छौ । भोगौलिक विकटता, यातायातको पर्याप्त अभावले ढुवानीमा असुविधा लगायत दक्ष जनशक्तिको अभाव भ्ेल्दा भ्ैल्दै समृद्ध र सुखि सुनापति निर्माण गर्न कुनै कसुर बाँकी राखिएको छैन । हाम्रो प्रयासलाई सार्थक बनाउन आम नागरिकले समेत ठूलो योगदान दिईरहनुभएको छ ।

**३**. तीनै तहको सरकारको समन्वय र सहकार्यमा कोभिड-१९ (कोरोना भाइरस) संक्रमण, रोकथाम, नियन्त्रण र उपचार गर्न सुनापति गाउँपालिका प्रतिवद्ध छ । विश्वभर फैलिएको कोभिड-१९को दोस्रो लहरलाई यस सुनापति गाउँपालिकामा थप फैलिन नदिन उच्च सतर्कता अवलम्वन गर्दा गर्दै पनि राजधानीबाट नजिक भएको हुदा नागरिकहरुको सहज आवागमनले गर्दा अछुतो रहन सकेन । यस घडिमा सुनापति वाँसी प्रति सहानुभूति दर्शाई गाउँपालिकासगँ समन्वय र सहकार्य गरी स्वास्थ्य सामग्री सहयोग गर्नु हुने सम्पूर्ण राजनीतक दल, संघ संस्था, नागरिक समाज एवम् नागरिकहरु प्रति यस गाउँपालिकाको तर्फबाट हार्दिक धन्यवाद सहित आभार व्यक्त गर्दछौ । आगामी दिनहरुमा संक्रमणबाट

जोगिन अझ बढि सतर्कता, समन्वय र एकताको आवश्यकता भएकोले सबैमा यस विषय प्रति संवेदनशील भई सावधानी अप्नाउनु हुन आव्हान गर्दछु । जोखिमपूर्ण यस परिस्थितिमा अग्रपङ्तिमा रहेर सेवा गर्नु हुने सम्पूर्ण स्वास्थ्यकर्मी, सुरक्षाकर्मी एम्वुलेन्स चालक, राष्ट्रसेवक कर्मचारी लगायत जनप्रतिनिधिको उच्च प्रसंशा गर्दछु ।

४. यस क्षेत्रको आर्थिक,सामाजिक र भौतिक क्षेत्रको दीगो विकास गरी ***गरिवीबाट उन्मूक्ती सुनापतिको समृद्धि*** गर्न आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम परिलक्षित गरिएको छ । आ.व.२०७८/०७९ को नीति तथा कार्यकम तर्जूमा गरिरहदा यस गाँउपालिकालाई समुन्नत,समृद्ध र आत्मनिर्भर बनाउने खालका नीति तथा कार्यकम र योजनाहरुलाई प्राथमिकता दिईएको छ । जनताबाट प्रत्यक्ष माग भएका योजना तथा कार्यकमहरुलाई समावेश गरी यस गाँउपालिकाको सम्भावना र अवसरलाई मध्यनजर गर्दै नीति तथा कार्यकम तय गरिएको व्यहोरा अवगत गराउन चाहन्छु ।

५. सबै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक समुदायलाई विकासको मुलप्रवाहमा समावेश गरी आपसी एकता र पारस्पारिकता कायम राखी समृद्ध र सुखी सुनापति निर्माण गर्न यस नीति तथा कार्यकमले पर्याप्त मार्ग दर्शन र आधार प्रदान गर्ने छ भन्ने विश्वास लिएको छु । यस नीति तथा कार्यक्रमलाई सफल बनाउन सबैमा हार्दिकतापूर्बक अनुरोध गर्दछु । अव म "**समृद्ध र सुखी सुनापति कृषि,पर्यटन हाम्रो सम्पति** "भन्ने दीर्घकालीन सोचका साथ तयार गरिएको आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेकोछु ।

सभाध्यक्ष ज्यू, अव क्षेत्रगत नीति तथा कार्यक्रमहरुलाई छुट्टा छुट्टै प्रस्तुत गर्दछु ।

## ७) आर्थिक विकास नीति

- **"विविधतायुक्त सुनापति : पर्यटनको बहुमूल्य सम्पति"** लाई सार्थक बनाउन यस क्षेत्रमा रहेका मठ मन्दिर,माने,गुम्बा लगायत अन्य प्राकृतिक,धार्मिक ऐतिहासिक स्थल, सम्पदा, भाषा, प्रचलन, संस्कृति जस्ता मूर्त अमूर्त सम्पदाको संरक्षण,सम्वर्धन र प्रर्वद्धन गरी यहाँको भौगोलिक विविधतालाई बहुमुल्य सम्पति मानी एकीकृत योजना तर्जुमा र कार्यान्वयन गरी पालिकालाई पर्यटकीय आर्कषण केन्द्रको रुपमा विकास गरिनेछ ।
- **"विविधतामा एकता : सुनापतिको विशेषता"**लाई सार्थकरुपमाप्रस्तुत गर्न सुनापति गाउँपालिका भित्र अवस्थित सम्पूर्ण जातजाति र भाषाभाषीको रहन सहन, भेष भूषा, कला संस्कृति झल्कने विषय सुनापति प्रवेश गर्ने बिन्दुमै आन्तरिक एवम् वाह्रय पर्यटकले सुनापतिको विषयमा सजिलै जानकारी प्राप्त गर्न सकिने गरी सुनापति सांस्कृतिक संग्रहालयको बिस्तृत परियोजना प्रतिवेदन तयार गरी निर्माण कार्य अगाडि बढाइने छ ।

- सुनापतिलाई पर्यटनको गन्तव्यस्थलको रुपमा विकास गर्न पर्यटन मन्त्रालय र यस पालिकाको साझेदारीमा संचालित सुनापति पर्यटकीय क्षेत्र पूर्वाधारको निर्माण निर्धारित समयमा सम्पन्न गरिनेछ ।
- गाउँपालिकाको विकास तथ्यपरक र सूचकमा आधारित बनाउन गाउँपालिकाको विस्तृत Profileतयार गरिनेछ ।
- प्रत्येक वडालाई अलग अलगरुपमा अदुवा,अलैची,किवी,मकै,सुन्तला, बेसार,कागती,स्याउ,नासपाती,चिया एभोकाडो,भुइकटर,लप्सी लगायतका फलफुल र कृषिको पकेट क्षेत्रघोषणा गरी विकास गरिनेछ । कृषि क्षेत्र र कृषकको बर्गिकरण गरी कृषि प्रणालीलाई यान्त्रिकीकरण र आधुनिकीकरण गरिने कार्यलाई निरन्तरता दिइनेछ ।
- **“बाँझो जमिनको प्रयोग,उत्पादनमा सहयोग”** भन्ने सोचलाई आत्मसाथ गर्दै बाँझो जमिनको लगत संकलन गरी भूमि बैंकको स्थापना गरिनेछ । बाँझो जमिन राख्ने प्रचलनलाई अन्त्य गरी सामुहिक ब्लक खेती र पशुपालनको कार्यलाई प्राथमिकता दिईनेछ ।**“हाम्रो पालिका हामी नै बनाउँछौं”** भन्ने अभियानलाई निरन्तरता दिइनेछ ।

- कृषि र पशुपालनलाई आर्कषक केन्द्र बनाउन प्रत्येक बर्ष उत्कृष्ट कृषकलाई **सुनौलो कृषक पुरस्कार** बाट सम्मान गरिने व्यवस्थालाईनिरन्तरता दिइनेछ ।
- कृषि उत्पादनमा आत्मनिर्भर गाउँपालिकाको रुपमा प्रस्तुत गर्न सामूहिक कृषि प्रणलीको शुरुवात गरिनेछ ।
- कृषिमा आधुनिकीकरणका लागि निजी तथा सहकारी क्षेत्रसंग सहकार्य र साझेदारी नीति अवलम्वन गरिनेछ ।कृषि जन्य सामग्रीको वितरण किसानको मागको आधारमा अनुदान मापदण्ड तयार गरी प्रदान गरिनेछ ।
- कृषिलाईविकास र बिस्तार गर्न कृषि पाठशाला कार्यकम संचालन गरिनेछ ।
- **“पशुपालनको लागि उचित आहार र स्याहारः स्वरोजगार तथा आयआर्जनको बहार”**कार्यक्रम मार्फत घाँस, डालेघाँसको वीउ बेर्नाको व्यवसायिक उत्पादनमा जोड दिइनेछ ।
- सहकारी मार्फत स्थानीय ज्ञान,सीप,क्षमता र स्रोतको उपयोग गरी पूर्वाधार सहितको सहकारीमूलक संस्कृतिको विकास गरिनेछ ।
- पालिकाका कृषि उब्जनीका मुख्य वालिहरुको न्युनतम समर्थन मूल्य कायम गरी विक्रि नभएका कृषि उपजहरुको संघीय र प्रदेश सरकारको समन्वयमा खरिद एंव भण्डारण गर्ने व्यवस्था मिलाइनेछ ।
- गाँउपालिका भित्र निर्माण भएको शित भण्डार (रष्टिक हाउस)लाई व्यवस्थित रुपपमा संचालनमा ल्याई आागामी वर्षमा आवश्यकताको आधारमा वडागत रुपमा शित भण्डार,दुध संकलन केन्द्र तथा चिस्यान केन्द्रको निर्माण गरि कृषि उपजको संरक्षण र भण्डारण गर्ने व्यवस्था मिलाइनेछ ।

- कृषि तथा पशुपालन तथ्याकंको व्यवस्थापन,कृषि सामग्री आपूर्ति,कृषक क्षमता विकास साथै कृषि तथा पशुजन्य प्राकृतिक प्रकोप जस्तै अमेरिकन फौजी करि र महामारी तथा सीमा विहीन रोग नियन्त्रणका लागि विषाधी तथा खोप कार्यकममा बजेट विनियोजन गरीप्रभावकारी कार्यक्रमहरु संचालन गरिनेछ । मल आपुर्ति र वितरण प्रणालीलाइ सहकारी मार्फत सर्वसुलभ र सहज वितरण प्रणलीमा जोड दिइनेछ ।
- रैथाने तथा हाईब्रिड एवं उन्नत विउविजनका लागि नर्सरी स्थापना तथा विउविजन वैंक स्थापना गरिनेछ । मौसम अनुसारको कृषि कार्यमा विउविजन अभाव हुन दिइने छैन ।
- अर्गानिक कृषि प्रणालीलाई प्रवर्द्धन गर्न जैविक मल,प्रांगरिक मल बनाउन प्रोत्साहन गर्ने साथै गडयौले मल उद्योग सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ । अर्गानिक कृषि उपज मात्र उत्पादन गर्ने कृषक र समुहलाइ पुरस्कार र अनुदान प्रदान गरी प्रोत्साहन गरिनेछ ।
- माटो परिक्षणको आधारमा कृषि प्रणालीको दिगो विकासलाई अगाढी बढाइनेछ ।
- आधुनिक घर गोठको निर्माण गरी पशुपालनलाई व्यवसायिक बनाईने कार्यलाई निरन्तरता दिइनेछ ।
- कृषि पर्यटन,कृषि र पशुजन्य उत्पादनको प्रबर्द्धन तथा बजारको बिकास र विस्तार गर्न सरकारी तथा गैरसरकारी तथा अन्य संघ संस्थाको साझेदारी र सहकार्यमा **सुनापति कृषि मेला प्रर्दशनी**आयोजना गरिनेछ ।
- अनुभवहरु आदान प्रदान गरी कृषि विकासमा सहयोग गर्न किसानहरुलाई उपयुक्त स्थानहरुमा भ्रमणको कार्यकम राखिनेछ ।
- उत्पादनमा आधारित दुध र दुग्ध पदार्थ उत्पादन गर्न किसानलाई प्रोत्साहन गर्न दुध उत्पादनमा प्रति लिटरका दरले अनुदान वितरण गर्न दुग्ध उत्पादन सहकारी संस्थालाई परिचालन गरिनेछ ।
- कृषि र पशु विमा कार्यकमलाई यस आर्थिक वर्षबाट अभियानको रुपमा सन्चालन गरीनेछ ।
- पशु, कृषि शिक्षाको प्रवर्द्धन तथा यस क्षेत्रको विकास गर्न सक्षम जनशक्ति उत्पादनको लागि प्राविधिक शिक्षाको गुणस्तरमा जोड दिइनेछ ।
- पशु तथा कृषिमा आधारित फार्महरुलाई अभिमुखिकरण कार्यकम संचालन गरिनेछ ।
- **“सुनापतिको पहिलो प्राथमिकता,कृषकको घर घरमा प्राविधिक सेवा”**भन्ने सोचलाई कार्य रुपमा उतारिनेछ । कृषि र पशु प्राविधिकको वस्तुगत मूल्याङ्कन र सिफारिशका आधारमा कृषकलाई अनुदान दिइनेछ ।
- यस पालिका भित्र रहेका प्राकृतिक स्रोतजन्य सामग्री र खनिज पदार्थहरु जस्तो फलाम पोखरीको फलाम खानीको सम्भाव्यता अध्ययन गरी आर्थिक सम्वृद्धिको यात्रालाई मजबुत बनाइनेछ ।
- बैदेशिक रोजगारीमा जाने व्यक्तिहरु लक्षित गरी तालिम सीप विकास,भाषा प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ । बैदेशिक रोजगारीमा जाने व्यक्तिहरुले यस गाउँपालिका क्षेत्रमा लगानी (घर जग्गा बाहेक) गर्न चाहेमा/व्यवसाय गरेमा लाग्ने कर शुल्कमा शतप्रतिशत छुट दिइनेछ ।

- **<u>“आफ्नै गाँउमा फर्किउ, आफ्नो गाउँ बनाउ”</u>** भनि विदेशबाट फर्किएका युवाका लागि प्रोत्साहनका उपायहरु विशेष रुपमा कार्यन्वयनमा ल्याइनेछ ।
- **<u>“हामी कर नियमित तिर्छौं : सुनापतिलाई समृद्ध बनाइछाडछौ”</u>** भन्ने उद्घोषका साथ गाँउपालिका क्षेत्रमा कर सहभागिता अभियान सञ्चालन गरिनेछ ।
- यस गाउँपालिकाको आन्तिरिक आम्दानीका श्रोतहरु ज्यादै न्यून रहेकोमा आन्तरिक आम्दानीका श्रोतहरु पहिचान गर्ने विशेष कार्यक्रमहरु संचालनमा गाउँपालिकाबाट जोड दिइनेछ ।
- गाउँपालिका भित्र सबै भन्दा बढी कर तिर्ने करदातालाई सम्मान कार्यक्रम संचालन गरी कर सहभागितामा जोड दिइनेछ ।
- कृषि व्यवसाय दर्ता तथा कृषक र कृषि व्यवसायी परिचयपत्रको सुरुवात गरी सूचना प्रविधिमा प्रविष्टी गरी सार्वजनीकिरण गरिनेछ ।
- पर्यटन र मूर्त अमूर्त संस्कृति क्षेत्रको विकास विस्तारका लागी पहिचान सहितको वृत्तचित्र निर्माण गरि प्रचार प्रसार कार्यलाइ व्यापक बनाइनेछ ।
- युवा स्वरोजगार अभिवृद्धि र गरिबी न्यूनिकरण गर्न सहकारी संस्था र बैकसँग सहकार्य र समन्वय गरी विना धितो र सहुलियत पूर्ण ऋण परिचालन हुने व्यवस्था मिलाइनेछ ।
- मौलिक सीप र कौशलको पुस्तान्तरण गर्ने गरी रचनात्मक कार्यक्रमको तर्जुमा गरी परम्परागत ज्ञान र सीपको संरक्षण र प्रवर्द्धन गरी स्थानीय उत्पादन बढाई बजारीकरण गर्न **कोशेली घर** स्थापना गरिनेछ ।
- कृषक समुह,सहकारी संस्था र गैर सरकारी संस्थाको समन्वय र सहकार्यमा कृषि उपज संकलन केन्द्र प्रत्येक वडामा स्थापना गरी कृषिजन्य वस्तुहरु बजारीकरण र वितरण कार्यलाइ सुलभ र सरल बनाइनेछ ।
- सुनापति ग्रामीण विकास योजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- सुनापति, अग्लेश्वरी र गुराँसे क्षेत्रमा ट्रेल रेसको सम्भाव्यता अध्ययन गरी यस कार्यको थालनी गरिनेछ ।
- साहसिक पर्यटनको गन्तव्यको रुपमा यस गाँउपालिकाको परिचय हुने किसिमले योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ ।
- कोभिड-१९(कोरोना भाइरस)को संक्रमणबाट रोजगारी र उत्पादनमा परेको नकारात्मक प्रभावलाइ न्युन गर्न बैंकिङ प्रणाली मार्फत न्युन व्याजदरमा ऋण उपलब्ध गराइ सवै नागरिकमा खाद्य सुरक्षाको प्रत्याभूती गरी **<u>“कोही भोकै पर्दैन,भोकले कोही मर्दैन”</u>** भन्ने प्रतिवद्धता पुरा गर्न बहुआयमिक कृषि उत्पादनमा जोड दिई पालिकालाई खाद्यन्नमा आत्मनिर्भर बनाइने छ ।
- सिञ्चित क्षेत्र विस्तार गरी कृषि उत्पादकत्व वृद्धि गर्न लिफ्ट सिंचाई, थोपा सिंचाई सोलारको माध्यमबाट सिंचाई जस्ता कार्यक्रमलाई निरन्तरता दिनेछ ।

- विदेशबाट फर्किएका वा स्वदेशमा रहेका तथा कृषि सम्बन्धी अनुभव,ज्ञान,सीप बटुलेका युवाहरुका लागि **"कोभिड विशेष कृषि कार्यक्रम"** को प्रारम्भ गरिनेछ ।
- **"उद्यमीको हात,स्थानीय सरकारको साथ"** भन्ने सोचका साथ स्थानीय आर्थिक वृद्धि र विकासमा युवा परिचालन गरिनेछ ।
- **एक घर एक करेसाबारी अभियान** सञ्चालन गरी सुनापतिलाई अर्गानिक तरकारी खेतिमा प्रोत्साहन दिई तरकारीमा आत्मनिर्भर बनाउन जोड दिइनेछ ।

## ८. सामाजिक विकास नीति

- अग्लेश्वर, सुनापति, गुराँसे क्षेत्रमा लाग्ने एकादशी,चतुर्दशी, पुर्णिमा जात्राहरुमा मदिराको प्रयोगलाइ नियन्त्रित गरी कुरीति र कुंसस्कार विरुद्धको अभियानलाई निरन्तरता दिई सभ्य र सुसंस्कृत समाज निर्माणको यात्रालाई थप मजवुत बनाइनेछ । परम्परागत कला जात्रा पर्वको संरक्षण,सम्वर्द्धन र प्रवर्द्धन गरी यस गाउँपालिकाको मौलिक पहिचानलाई थप उजागार बनाइने छ ।
- **"सुनापति गाउँको कार्यतालिका: बाल विवाह मुक्त हाम्रो पालिका"**भन्ने लक्ष्यलाई सार्थक तुल्याउने गरी प्रदेश र संघीय सरकारको समन्वयमा सामाजिक सुरक्षाका कार्यक्रम संचालन गरिनेछ ।
- वाल बिवाह/बाल श्रम गर्ने गराउने व्यक्ति, घर परिवारलाई सरकारको तर्फबाट प्रदान हुने सेवा सुविधाबाट बञ्चित गरिनेछ ।
- अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिको लागि सहकार्य र साझेदारीमा पुनर्स्थापना केन्द्रको स्थापना तथा विशेष संरक्षण अभियान कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाभिएका/बन्द गरिएका विद्यालयको सम्पति व्यवस्थापन गर्न निश्चित मापदण्ड बनाइ लागु गरिनेछ ।
- बालबालिकाको सर्वाङ्गिण बिकास र बहुआयमिक विकासका लागि विद्यालयहरुमा पठन पाठनका अलावा अतिरिक्त शैक्षिक क्रियाकलापहरुसंचालन गर्न विशेष पहल गरिनेछ । विद्यालयहरुमा नैतिक शिक्षाको पठनपाठनलाई अनिवार्य गरिनेछ ।
- स्थानीय स्तरको पाठ्यक्रम निर्माण गरी शैक्षिक प्रणालीलाई मौलिक र आवश्यकतामा आधारित बनाइनेछ ।
- **प्रत्येक घरपरिवारलाई स्वास्थ्य बिमा अनिवार्य गराई गाउँपालिकाबाट ५० प्रतिशत अनुदान** दिने व्यवस्था मिलाइनेछ ।
- स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य ईकाइहरुलाई आधुनिक उपकरण तथा भौतिक पूर्वाधारयूक्त बनाई आवश्यक जनशक्तिको व्यवस्थापन गरी स्वास्थ्य संस्थाहरुको संस्थागत क्षमता विकास गरिनेछ ।

- कोभिड महामारीलाई थप फैलिन नदिई नियन्त्रण गर्न लक्षण देखिएका संकास्पद नागरिकलाई कोभिड-१९ का लागि PCR र AntigineTest गरिनेछ ।
- **"जेष्ठ नागरिक हाम्रो छहारी:गरौ एकछिन केहि भलाकुसारी"**भन्ने नाराका साथ जेष्ठ नागरिकको अनुभव आदान प्रदान गर्न, सम्मान प्रकट गर्न प्रत्येक वडामा कम्तिमा एक वटा ज्येष्ठ नागरिक मिलन केन्द्रको स्थापना गरिनेछ ।
- **यस गाउँपालिका भित्रका एकल पुरुषहरुलाई कार्यविधि तयार गरी मासिक रुपमा भत्ता दिइने व्यवस्था गरिनेछ ।**
- महिला स्वास्थ्य स्वयंसेविका क्षमता अभिबृद्धि गर्न पुर्नताजगी तालिम, अध्ययन अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ साथै प्रोत्साहन र उत्प्रेरणाको लागि आवश्यक व्यबस्था गरिनेछ ।
- टोल बस्ती वडा सम्म लैंगिक समानता र समाबेशीयुक्त योजना तर्जुमा र कार्यान्वयन गर्ने पद्धतिलाई आत्मसात गर्दै लगिनेछ ।
- घरेलु हिंसा,यौन दुर्व्यवहार, सामाजिक हिंसा पिडित किशोर किशोरी र महिलाहरुको संरक्षण गर्न आबश्यक पहलकदमी लिइनेछ । यसका लागि आ.व. ०७८/०७९ मा **"घरेलु तथा लैंगिक हिंसा निवारण कोष"** संचालन गरिनेछ । साथै लैंगिक हिंसा विरुद्ध शुन्य सहनशिलता नीति अवलम्वन गरिनेछ ।
- **"सुनापति गा.पा.को सरोकार,महिलालाई अवसर र अधिकार"** भन्ने लक्ष्यलाई साकार पार्न लैंगिक समानता,समावेशीकरण तथा सामाजिक न्यायको सूनिश्चितता गरिनेछ ।
- जेष्ठ नागरिक, महिला लक्षित स्वास्थ्य कार्यक्रम प्रत्येक वडामा नियमित रुपमा सञ्चालन गरिने ब्यबस्था मिलाइनेछ ।
- घर दैलो अभियान वा घुम्ती शिविर मार्फत जेष्ठ नागरिक परिचयपत्र तथा अपांग परिचय पत्र वितरण कार्यलाई सरल र सहज बनाईनेछ ।
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सहयोग र समन्वयमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई सुदृढीकरण गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र निर्माण हुने जुनसुकै प्रकृतिका पूर्वाधार संरचनालाई बालमैत्री तथा अपांगमैत्री बनाईनेछ ।
- **"द्धन्द पिडीतका साथ, स्थानीय सरकार"** भन्ने नारालाई व्यवहारमा देखाउन द्वन्द पिडीत परिवारहरुका लागि स्वास्थ्य उपचार,सीप र रोजगारी लगायतका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- अपांगता सम्बन्धी जुनसुकै सिफारिश नि:शुल्क उपलब्ध गराइनेछ । साथै अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको संरक्षण,सम्वर्द्धन,प्रवर्द्धन तथा सशक्तिकरण गर्न **"समुदायमा आधारित पुनस्थापना कार्यक्रम"** सञ्चालनलाई निरन्तरता दिइनेछ ।
- आदिवासी जनजातिको परम्परादेखि चलि आएको ज्ञान, सीप, कला, संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्दै "**संग्रहालय स्थापना र विकास"** मा सहयोग गरिनेछ ।

- दलित/पहरी/माझी/ह्योल्मो समुदायबाट विद्यालय स्तरको अध्ययन पुरा गरे पश्चात प्राविधिक विषयमा उच्च शिक्षाअध्ययन गर्ने विद्यार्थीहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- अति विपन्न,गरिब र एकल महिलाको लागि योगदानमा आधारित विशेष कार्यक्रम संचालन गरिनेछ ।
- पालिका भित्रका सबै दलितको लागि यस वर्ष सम्पन्न गरिएको निशुल्क स्वास्थ्य विमा कार्यक्रमलाई लक्षित समुदायमा विस्तार गर्दै लगिनेछ ।
- प्राविधिक जनशक्तिको आवश्यकतालाइ मध्यनजर गरी आधारभुत तह देखिनै प्रविधिक पाठ्यक्रम राखी पठनपाठन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- प्रत्येक वडामा कम्तिमा एक माध्यमिक विद्यालयलाई Smart School को रुपमा रुपान्तरण गर्न आवश्यक पहल गरिनेछ ।
- गाँउपालिका स्तरीय आधुनिक पुस्तकालय र प्रत्येक वडामा कम्तिमा एक पुस्तकालय तथा अध्ययन केन्द्र स्थापना गरिनेछ ।
- गाउँ शिक्षा योजना तर्जुमा गरी यस पालिकाको शिक्षा प्रणालीलाई पूर्वानुमानयोग्य र नवप्रवर्तनयुक्त बनाइनेछ ।
- गाउँपालिका क्षेत्रभित्र भएका दाह संस्कार घाट तथा चिहानहरूको उचित व्यवस्थापन गर्दै लगिनेछ ।
- गाउँपालिका भित्रका पुराना पाटीपौवा,चौतारा,ढुङ्गेधारा,पधँरोको संरक्षण,मर्मतसंभार सुधार र व्यवस्थित बनाइनेछ ।
- बालमैत्री शासन प्रवर्द्धनका लागि **“सुनापतिका बालक : समृद्धिका सहायक”** भन्ने नारालाई कार्यान्वयनमा ल्याइनेछ । यसका लागि गाउँपालिकाका प्रत्येक वडामा बाल क्लब गठन गरी सोही क्लब मार्फत बालबालिका लक्षित सबै प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ, र योजना तर्जुमा र कार्यान्वयन प्रकृयामा बालबालिकाको सहभागितालाई अनिवार्य गर्दै लगिनेछ ।
- स्वास्थ्य चौकीमा चौविसैघण्टा प्रसुती सेवा उपलब्ध गराउन सबै वडाका स्वास्थ्य चौकीमा स्थापित **बर्थिङ्ग सेण्टर** मा प्रभावकारी स्वास्थ्य सेवा संचालन गरिनेछ ।
- निजी क्षेत्रका अस्पताल संग समेत साझेदारी र सहकार्यमा कार्य गरी स्वास्थ्य सेवालाई सुविधा सम्पन्न र जनमैत्री बनाइनेछ ।
- पालिकाले संचालनमा ल्याएका एम्बुलेन्स र शव बहान आवश्यकताको आधारमा थप खरिद गरी सञ्चालनमा ल्याइनेछ ।
- **ज्येष्ठ नागरिकसंगँ अध्यक्ष** कार्यक्रम अन्तर्गत सत्तरी वर्ष उमेर पूरा भएका जेष्ठ नागरिकहरुलाई आफ्नो पायक पर्ने स्वास्थ्य संस्था मार्फत मधुमेह र उच्च रक्तचापको औषधि **घर दैलोमा गई** निःशुल्क वितरण गर्ने व्यवस्था मिलाइनेछ साथै ज्येष्ठ नागरिकहरुलाई निशुल्क ल्याब परीक्षणको समेत प्रवन्ध मिलाइनेछ ।

- **<u>सुत्केरी महिलासगँ उपाध्यक्ष</u>** कार्यक्रम अन्तर्गत हरेक सुत्करी महिलालाई पोषणयुक्त खानेकुराको लागि निश्चित रकम उपलव्ध गराईनेछ ।
- **<u>गरिव र जेहेन्दार विद्यार्थीसगँ प्रमुख प्रशासकीय अधिकृत</u>** कार्यक्रम अन्तर्गत कार्यविधि बनाई छात्रबृति कार्यक्रम संचालन गरिनेछ ।
- **<u>ज्येष्ठ नागरिक र अपागहरुको</u>** लागि स्वास्थ्य शिवीर संचालन गरीस्वास्थ्य सेवा उपलब्ध गराईनेछ ।
- पालिका भित्रका बजार क्षेत्रमासार्वजनिक शौचालय निर्माण गरिनेछ ।
- महिला उत्थानका लागि माग र आवश्यकतामा आधारित कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गरिने नीतिलाई निरन्तरता दिइनेछ ।
- महिला तथा बालबालिकाका लागि स्वास्थ्य परीक्षण तथा न्यानो लुगा वितरण गर्ने व्यवस्था मिलाईनेछ ।
- **<u>"स्वच्छ पानी स्वस्थ्य जीवन"</u>**अभियान सञ्चालन गरी सुनापतिका प्रत्येक घरमा **<u>"एक घर एक धारा"</u>**अनिवार्य हुने गरी स्वच्छ र नियमित खानेपानि आपूर्ति हुने गरी कार्यकमलाई निरन्तरता दिइनेछ। ।
- आफ्ना बालबालिकाहरुलाई बिद्यालय नपठाउने अभिभावकहरूलाई गाउँपालिकाले प्रदान गर्ने सार्वजनिक सेवा जस्तैः सामाजिक सुरक्षा भत्ता तथा सबै प्रकारका सिफारिसहरुमा आवद्ध गराई विद्यालय पठाउन र टिकाउनको लागि प्रोत्साहन गरिनेछ ।
- खेलकुद कियाकलापको विकास र विस्तारका लागि **<u>"अध्यक्ष कप खेलकुद प्रतियोगिता"</u>** सञ्चालन गरिने कार्यकमलाई निरन्तरता दिइनेछ । प्रत्येक माध्यामिक तहका विद्यालयहरुमा एक खेलकूद शिक्षकको व्यवस्था गरी आधारभूत तालिम प्रदान गरिनेछ ।
- खेलकुद सम्बन्धी कानुन निर्माण गरी  खेलकुद विकास समिति मार्फत वडास्तरमा समेत खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।
- वर्तमान तथा भुतपूर्व राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडीहरुलाई प्रत्येक वर्ष सम्मान गर्ने संस्कारको थालनी गरिनेछ र त्यस्ता खेलाडीहरुमा रहेको ज्ञान, सीप र क्षमताको पूर्ण उपयोग गर्ने नीति लिइनेछ ।
- सामुदायिक विद्यालयमा बालमैत्री शिक्षा प्रणाली तथा बाल मन्टेस्वरी कक्षा सञ्चालनको लागि आवश्यक पहल गरिनेछ ।
- विद्यालयहरुमा विद्यार्थीहरुको स्वास्थ्य परीक्षण कार्य सञ्चालन गरिनेछ । प्रदेश बाट प्राप्त हुने **<u>"एक विद्यालय एक नर्स"</u>**कार्यक्रमको कार्यन्वयनमा सहजीकरण र विस्तार गर्दै लगिनेछ ।
- गाउँ क्षेत्रभित्र रहेका सामुदायिक र संस्थागत विद्यालयहरूको सहभागितामा बार्षिक रुपमा हाजिरी जवाफ, वक्तृत्वकला, निवन्ध प्रतियोगिता,साहित्यीक प्रतियोगिता लगायतका क्षमता विकास तथा प्रतिभा प्रष्फुटन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

- **"सुनापतिको इच्छा,छोरी बुहारीलाई उच्चा शिक्षा"**भन्ने नारालाई सार्थक बनाउन यस गापामा स्थायी बसोबास भएका सामुदायिक तथा सरकारी क्याम्पसमा अध्ययनरत छात्राहरुलाई प्रदेश सरकारको समन्वयमा छात्रावृद्धि प्रदान गरिनेछ ।
- गाउँपालिकाको स्रोतको मध्यनजर गरी प्रत्येक सामुदायिक विद्यालयमा **कम्प्युटर शिक्षा** प्रदान गर्नका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- माध्यामिक विद्यालयहरुमा आवश्यकताको आधारमा सामाजिक र (गणित)Mathल्याबको स्थापना गरिनेछ ।
- प्रत्येक माध्यामिक विद्यालयमा खेलकूद शिक्षकको व्यवस्था गरिदै लगिनेछ ।
- शिक्षा क्षेत्रको गुणस्तरीयता बृद्धि गर्न प्रधानाध्यापक र शिक्षा अधिकृतबीच कार्य सम्पादन सम्झौता गरि सोही आधारमा विद्यालयको कार्य सम्पादन मापन गरिनेछ ।
- साहित्य र कलाकारिताको संरक्षण र सम्र्बद्धनका लागि "**साहित्य र कला : एक अनुपम पाठशाला"** अभियान सञ्चालन गरिनेछ । यसका लागि यस क्षेत्रभित्र रहेका साहित्य र कलाकारितासँग सम्बन्धित व्यक्ति तथा संस्थाहरुको प्रतिभा प्रष्फुटन गर्न विभिन्न कथा,कविता तथा साहित्यिक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- पालिका भित्रका भाषा, संस्किृति र ललितकलाको संरक्षण र विकास गर्न कार्यविधि निर्माण गरी वार्षिक रुममा उक्त क्षेत्रका प्रतिभाहरुलाई पुरस्कृत गर्ने कार्यक्रम समावेश गरिनेछ ।
- समाजमा हुने अपराधिक घटनाहरुलाई नियन्त्रण गर्न मुख्य मुख्य चोक र बजारमा सि.सि. टिभि जडान गरिनेछ ।

## ९ पूर्वाधार विकास नीति

- पालिकाको भवन निर्माण कार्य यसै वर्ष समपन्न गरिनेछ । सबै वडा कार्यालयमा निर्माण भएको वडा कार्यलयलाई भौतिक पूर्वाधारबाट समपन्न गर्दै व्यवस्थित वडा कार्यालयको रुपमा विकास गरिदै लगिनेछ ।
- सुनापति गाउँपालिका वडाहरुलाई सडक सञ्जाल भित्र जोड्ने अभियान अन्तर्गत **सुनापति चक्रपथ** निर्माणको अबधारणा अघि बढाइनेछ ।
- सुनापति गाउँपालिका भित्रका मुख्य सडकहरुलाई पालिकाको पहिचान झल्कने गरी नामाकरण गरिनेछ ।
- **"सुनापति समृद्धिको आधार,गुणस्तरीय पूर्वधार विकास र रोजगार"**विकासको मुल ध्येय हुनेछ । मेशिनको उपयोगभन्दा मानवश्रम सीपको उपयोग सहितको रोजगारीबाट पूर्वधार निर्माण गरिनेछ ।
- भौतिक पूर्वाधार निर्माण गर्दा दीगो विकासको मर्मलाई ध्यान दिई हरियाली सहित पर्यावरणीय प्रभावलाई ध्यान दिई पूर्वाधारको सौन्दर्यीकरण गरिनेछ ।

- **"पानीघाट क्रान्तिको मुहानः सुनापतिको गौरव र शान**"पानीघाट शहिद स्मारक र सो वरिपरिको क्षेत्रलाई अध्ययन अनुसन्धान र युद्ध पर्यटकिय स्थलका रुपमा विकास गरी यस गाँउपालिकाको गौरबमय  पर्यटकीय केन्द्रको रुपमा विकास गर्दै लगिनेछ ।
- गाउँपालिका भित्र निर्माण सम्पन्न भएका पक्की घरहरुको अभिलेखीकरण कार्यक्रमसंचालन गरी व्यवस्थित गरिनेछ । भवन निर्माण गर्दा नक्सापास गर्नुपर्ने प्रावधानलाई अनिवार्यताका साथ लागू गरिनेछ ।
- वस्ति विकास गरी एकिकृत वस्ति निर्माण गर्दै शहरीकरणको लागि समेत योजना तर्जुमा गरी आधारभूत पूर्वाधारको विकास क्रमशः गरिनेछ ।
- गाउँपालिकामा सूचना,सञ्चार र प्रविधिको विकास गर्दै जाने योजना अनुरुप अगामी आ.व मा सबै वडा कार्यालय, स्वास्थय संस्था र विद्यालयमा दुई वर्ष भित्रमा अप्टीकल फाइबर विच्छ्याउने कार्यक्रम तयार गरिनेछ ।
- **"घरघरमा सडक होइन,सडक छेउमा घर**" भन्ने सोचलाई कार्यरुपमा उर्तान पहल गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र सवै वडामा विस्तार भएको विद्युतिकरणलाईबढाउन गाउँपालिकाको स्रोत र सरोकारवाला निकायहरु समेतको साझेदारीमा ट्रान्सफर्मर लगायत अन्य पूर्वाधारहरुको क्षमता अभिवृद्धिलाई निरन्तरता दिइनेछ ।
- सडक यातायात गुरु योजना निर्माण गरी गाँउपालिका क्षेत्रभित्रका सवै सडकहरुलाई सवै मौसममा सञ्चालन हुने गरी स्तरोन्नती गरिनेछ ।यस वर्ष **पालिका गौरबका योजना** मार्फत भौतिक पूर्वधार विकासलाई थप सुदृढिकरण गरिनेछ । प्रत्येक वडाबाट पालिका जोड्ने सडकलाई क्रमशः स्तरोन्नती गरी कालोपत्रे गरिनेछ ।
- प्रत्येक वडामा कम्तिमा एक पार्क, खेलकुद मैदान, एक पिक्नीक स्पटको निर्माण गरिनेछ ।
- खानी खोला,कामा खोला,दिमी खोला,साङ्गग खोलामा आवश्यकता अनुसार झोलुङ्गे पुल,कल्भर्ट,कजवे र पक्की पुल निर्माण कार्य र मर्मत सम्भारलाई तिव्रता दिईनेछ ।
- सिचाँई प्रणालीलाई व्यवस्थित गर्न प्लाष्टिक पोखरी निर्माण र परम्परागत सिचाँइ कुलो लाई आधुनिक पद्धतिबाट निर्माण गर्दै लगिनेछ ।
- **"कुशेश्वर महादेव स्थान दुम्जाबेसि देखि सुनापति डाँडा तथा अग्लेश्वर डाँडा सम्म"**केवलकार सञ्चालनको लागि सम्भाव्यता अध्ययनगरिनेछ ।
- सडक बत्ती आवश्यक भएका स्थानहरुको पहिचान गरि **"उज्यालो सडक"**कार्यक्रम सञ्चालनलाई निरन्तरतादिइनेछ । वैकल्पिक उर्जाको उपयोग गरी पालिका कार्यालय वरिपरी आवश्यक स्थानहरुमा सडक बत्ति जडान गरिनेछ ।
- पालिकाको आयोजनाहरुको पहिचान,प्राथमिकिकरण,छनोट र मूल्यांकन जस्ता क्रियाकलापलाई तथ्यपरक एवं मापदण्डमा आधारित बनाउन "**पालिका आयोजना बैंक"**व्यवस्थापन गरी संचालनमा ल्याइनेछ ।

- पालिकामा चालु अवस्थामा रहेका शहिद पार्क,शान्ति पार्क,स्मारक,सङ्ग्राहलय,मठ,मन्दीर,गुम्बा स्तुपा लगायतका पूर्वाधारको निर्माण कार्यलाई संघ तथा प्रदेशको समन्वयमा निरन्तरता दिइनेछ ।
- खेल मैदान,फुटसल,कर्वडहल लगायतका खेलकुद पूर्वाधार निर्माण गर्ने कार्यलाई निरन्तरता दिई **“स्वास्थ्यर राष्ट्रको लागि खेलकुद”**भन्ने सोचलाई सार्थक बनाइनेछ ।
- यस गाउँपालिकामा खेलकूद प्रतियोगिताको लागि एक उपयुक्त रंगशाला आगामि आ.व. भित्र निर्माण सम्पन्न गरिनेछ ।
- यस सुनापति गाउँपालिकामा २०७२ सालको बिनासकारी भुकम्पबाट प्रभावित नागरिकहरु जम्मा ४८३४ जना पूर्ण लाभग्रही (रु ३ लाख प्राप्त गर्ने )को सूचीमा पर्न गएको मध्ये ४०२५ जनाले तेस्रो किस्ता लिई सकेको छ । जस्मा ६४० जनाले तेस्रो किस्ता लिन बाँकी रहेको छ । मर्मतको सूचीमा पर्ने (रु १ लाख प्राप्त गर्ने) लाभग्राहि जम्मा ९५९ जना मध्ये ८८२ जनाले पहिलो किस्ता लिई सकेको छ । यसरी मर्मतको सूचीमा पर्ने लाभग्राहीहरुलाई पनि पूर्ण लाभग्राहीमा परिणत गर्ने प्रकृया अगाडि बढाइनेछ ।

## १०. विपद् तथा वातावरण व्यवस्थापन नीति

- विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन **विपद् व्यवस्थापन कोषको रकममा**वृद्धि गरिनेछ ।
- विपद् व्यवस्थापन सम्बन्धी कार्यलाइ प्राथमिकता दिदै **प्रत्येक टोलमा एक खुल्ला क्षेत्रको** पहिचान गरी विकास गरिनेछ ।
- उद्धार राहत र विपद् सम्बन्धी आइपर्ने आकस्मिक कार्यको सामना गर्नको लागी प्रत्येक वडामा गठित Rapid Response Teamको व्यवस्थालाई थप सुदृढ बनाइनेछ ।
- **प्रत्येक वडामा विपद् व्यवस्थापन केन्द्रको** स्थापना गरी राहत र उद्धार सामग्रीको भण्डारण गर्ने कार्य प्रारम्भ गरिनेछ । विपद् व्यवस्थापन सम्बन्धी योजना बनाई कार्यान्वयन गर्दै लगिनेछ ।
- पर्यटक प्रवेश गर्दा वातावरणको ख्याल गर्दै पैदल पर्यटनको विकास गरिनेछ ।
- **“घर आगन देउराली :बनाऔ स्वच्छ र हरियाली**”नाराका साथ वृक्षारोपण, सरसफाइ कार्यक्रमहरुजलाधार क्षेत्र, पानीका मुहान/स्रोतलाई संरक्षण गर्ने कार्य प्राथमिकताका साथ कार्यन्वयन गरिनेछ ।
- भूक्षय,भुस्खलन हुने क्षेत्रको पहिचान गरी यसका लागी आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- **“विपद व्यवस्थापन सूचना प्रवाह प्रणाली”**लाइ व्यवस्थित रुपमा संचालन गरिनेछ ।
- जलवायु परिवर्तनबाट परेका प्रभाव असरको लेखा जोखा गरी आवश्यक कार्यक्रमहरु संचालन गर्दै लगिनेछ ।
- **विपद व्यवस्थापन कोष परिचालन सम्बन्धी कार्यविधि** बनाई लागु गरिनेछ । विपद् व्यवस्थापन कोषमा यस क्षेत्रमा रहेका सबै संघ संस्थाहरुको समेत अनिवार्य हिस्सेदारिता अभिवृद्धि गर्नुपर्ने व्यवस्थाको आरम्भ गरिनेछ ।

- सुख्खा ग्रस्त क्षेत्र र नाङ्गाडाँडा पाखाहरुमा हावापानी र माटो अनुकूल वृक्षारोपण कार्यलाई निरन्तरता दिइनेछ ।
- कृषि बालीमा रसायनिक तथा किटनाषक औषधि प्रयोगलाई नियन्त्रण गर्दै जैविक किटनाशक प्रविधीको विकास गरिनेछ ।
- वस्ती जोखिम,आगलागि,बाढीपहिरो र भुकम्पबाट हुन सक्ने क्षति र खतरालाई न्यूनिकरण गर्न सचेतना अभियान सञ्चालन गरिनेछ । सार्वजनिक जग्गाको संरक्षण गर्न जग्गा नाप जाँच गरी डिजिटल रुपमा अभिलेखलाई व्यवस्थित गरिनेछ ।
- **"सुनौलो सुन्दर सुनापति"** निर्माण गर्न वातावरण तथा सरसफाईनीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- सबै विद्यालयलाइ प्लाष्टिक मुक्त र जंकफुड निषेधित क्षेत्र बनाइनेछ । विद्यालयहरुमा अनिवार्य रुपमा First Aid Box, Sanitary Padतथा **स्वच्छ पानी पिउने उपकरण**को व्यवस्था गर्दै लगिनेछ ।
- स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन गर्न आवश्यक प्रवन्ध मिलाइनेछ ।
- धुवाँरहित चुलोको प्रयोगलाई विस्तारित गर्दै लक्षित समुदायको स्वास्थ्य तथा समग्र वातावरणको स्वच्छतामा सुधार गरिनेछ ।
- एक घर एक बगैचा कार्यक्रमलाई प्रोत्साहन दिई सुन्दर र हराभरा सुनापति निर्माण कार्यक्रमलाई प्रोत्साहन दिइनेछ ।

## ११.सुशासन तथा संस्थागत विकास नीति

- गाउँपालिकाले आवश्यकता अनुसार थप कानून तर्जुमा गरी कार्यन्वयनमा ल्याउनेछ । ऐनमा भएको व्यवस्था कार्यन्वयका लागि आवश्यक नियमावली र कार्यवधिहरु जारी गरी कार्यरुपमा ल्याउने क्रमलाई निरन्तरता दिइनेछ ।
- **सेवाको वरिपरि जनता होइन जनताको वरिपरि सेवा** हुनु पर्छ भन्ने मुलमर्मका साथ जनताको घर दैलोमा घुम्ति स्वास्थ्य सेवा घुम्ति अपाग परिचयपत्र वितरण जस्ता कार्यक्रम संचालन गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाइ बैंकिङ प्रणालीमा आबद्ध गरी बैंक खाता खोल्न र सामाजिक सुरक्षा वितरण कार्यलाइ प्रभावकारी बनाउन बैंकसंग समन्वय गरी घुम्ती शिविर समेत सञ्चालन गर्दै लगिनेछ । त्यस्तै पचहत्तर वर्ष उमेर नाघेका जेष्ठ नागरिक तथा पूर्णअपांगता भएका तथा हिडडुल गर्न नसक्ने जुनसुकै उमेर समूहका लाभग्राहीहरूलाई घरघरमै भत्ता पुरयाउने व्यवस्था गरिनेछ।
- जनप्रतिनिधि  र कर्मचारीहरुलाइ काम प्रति जिम्मेवार बनाउन तथा सुशासनलाई आत्मसात गर्न सुशासन र सदाचार नीति तथा आचारसहिताको निर्माण गरी कार्यान्वयन गरिनेछ ।

- गाँउपालिकामा रिक्त रहेका दरबन्दीमा कर्मचारीको व्यवस्थापन गरी सेवा प्रवाहलाइ चुस्त दुरुस्त र प्रभावकारी बनाइनेछ ।
- गाउँ प्रहरी सम्बन्धी कार्यविधि कार्यन्वयन गरी स्थानीय सुरक्षा प्रवन्धलाई प्रभावकारी बनाइने कार्यलाई निरन्तरता दिइनेछ ।
- जनप्रतिनिधि र कर्मचारिको क्षमता,दक्षता,सीप विकासका लागी तालिम, प्रशिक्षण, अध्ययन अवलोकन  तथा अनुभव आदान प्रदानका कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकाको कार्यलाई थप पारदर्शी,नतिजामूलक एवं उपलब्धिमा आधारित बनाउन अध्यक्ष र वडा अध्यक्ष वीच,अध्यक्ष र प्र.प्र.अ.बीच,वडाअध्यक्ष र वडा सचिव बीच र प्र.प्र.अ.बीच र शाखा प्रमुखहरु बीच कार्य सम्पादन करार कार्यलाई प्रभावकारी रुपमा कार्यन्वयन गरिनेछ ।
- नवप्रवर्तन र सृजनशील कार्य गर्ने सवै तहका राष्ट्र सेवकहरुलाई उत्पेरित गर्न वजेटमा आवश्यक व्यवस्था गरिनेछ ।
- पालिकाको प्रशासनिक संरचनालाई चुस्त बनाई नागरिक सेवा प्रवहामा प्रभावकारिता ल्याउन पालिकाका कार्यालयहरुको संगठन तथा व्यवस्थापन सर्भेक्षण(O&M Survey)लाई कार्यन्वयनमा ल्याइनेछ ।
- सूचना प्रविधिको उपयोग मार्फत वजेट तर्जुमा खर्चको लेखांकन,अभिलेख तथा प्रतिवेदन प्रणालीमा एकरुपता ल्याई वित्तीय अनुशासन प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- प्रत्येक आ.व.मा गाउँपालिका क्षेत्रभित्रका उत्कृष्ट कर्मचारी, उत्कृष्ट शिक्षक,उत्कृष्ट उपभोक्ता समिति तथा उत्कृष्ट स्वास्थ्यकर्मी छनौट गरी पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिका अर्न्तगत सामाजिक सुरक्षा भत्ता/वृत्ति पाउने नागरिकहरूको नाम दर्ता गर्ने, नवीकरण गर्ने, लगत कट्टा गर्ने लगायतका सबै कार्यलाई विद्युतीय प्रणालीमा आवद्ध गरि सार्वजनिक गरिनेछ ।
- गाँउपालिकाबाट हुने गतिविधीलाई वेभसाइट मार्फत सार्वजनिक हुने व्यवस्था मिलाइनेछ । गाँउपालिका तथा वडा कार्यालयहरुमा गुनासो पेटिका र नागरिक बडापत्रको व्यवस्था मिलाइनेछ ।
- प्रत्येक महिनाको १० गते कर्मचारीहरुको बैठक गरिनेछ । साथै जनप्रतिनिधीहरुसँग कर्मचारीको नियमित अर्न्तक्रिया हुने व्यवस्था मिलाइनेछ ।
- सार्वजनिक परिक्षण,सार्वजनिक सुनूवाइ र सामाजिक परीक्षण लाई अनिवार्य गरिनेछ ।
- सूचनाको हक सम्बन्धी कानुनको कार्यान्वयन पूर्ण रुपमा गरिनेछ ।
- गाँउपालिकाभित्र सम्पन्न हुने पूर्वाधार तथा विकास निर्माणहरुको नियमित तथा नतिजामा आधारित अनुगमन गरी त्यस्तो अनुगमन प्रतिवेदनलाई वेभसाइट मार्फत सार्वजनिक हुने व्यवस्था मिलाईनेछ ।
- प्रत्येक चौमासिकमा आम्दानी र खर्चलाइ वेबसाइट मार्फत सार्वजनिक हुने व्यवस्था मिलाइनेछ ।

- गाउँपालिकाको तथ्यांक र विवरणलाईव्यवस्थित गर्न कार्यालयमा विद्युतिय सूचना तथा अभिलेख केन्द्र व्यवस्था गरिनेछ ।
- **<u>"समृद्ध नेपाल सुखी नेपाली"</u>**को राष्ट्रिय सोचलाई आत्मसाथ गर्दै तथा**<u>"सुसंस्कृत र सुखी जनता समाजवाद उन्मुख समृद्ध प्रदेश"</u>**को दूरगामी सोचलाई मध्यनजर गर्दै सुनापति गाउँपालिकाको पहिलो आवधिक योजना २०७६।०७७ २०८१।०८२कार्यन्वयनमा जोड दिइनेछ ।

## १२. विविध नीति

- यस क्षेत्रभित्रका सहकारी संस्थाहरु सहकार्य र साझेदारी गर्दै सहकारी संस्थाहरुको संस्थागत सुदृढिकरण, क्षमता विकास र सहकारी सुशासन कायम गर्न आवश्यक कार्यहरु सञ्चालन गरिनेछ ।
- उपभोक्ता अधिकारको संरक्षण गर्न आवश्यक मापदण्ड बनाई कार्यान्वयन गरिनेछ । बजार अनुगमन कार्यलाई तिव्रता दिई जनअनुभूत हुनेगरी अनुगमन र मूल्याङ्कन गरिनेछ ।
- लागु औषध,जुवातास तथा मदिराको प्रयोग, वितरण र उपभोगलाई नियन्त्रण गर्दै लगिनेछ ।
- सामाजिक विकृति र बिसंगती हटाउन प्रत्येक टोल वस्तीसम्म सामाजिक जागरण अभियान सञ्चालन गरिनेछ ।
- **<u>टोल टोलका जनतासँग अध्यक्ष</u>** कार्यक्रम तथा **<u>जनतासंग उपाध्यक्ष</u>** मार्फत जनताका गुनासा र पिरमर्कालाई जनताकै आँगनमा गएर सुन्ने र ज्ञान,सीप,क्षमता र दक्षता अदान प्रदान र अभिवृद्धि गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- गा.पा.बाट संचालन हुने योजना तथा कार्यक्रमलाई दिगो बातावरण मैत्री र गुणस्तरीय बनाइ उपभोक्ता समितिबाट हुने कामलाइ छिटो छरितो प्रभावकारी बनाउन प्रत्येक वडामा अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।
- ढिलोमा वैशाख मसान्तसम्म उपभोक्ता समिति गठन गरी सक्नु पर्ने गरी तालिकावद्ध रुपमा योजना तथा कार्यक्रमहरु छनौट गर्नुपर्ने प्रावधानलाई पूर्णरुपमा कार्यन्वयन गरिनेछ ।
- अन्य स्थानीय तहहरुको राम्रा र असल अभ्यासलाइ आत्मसाथ गर्न यस गाउँपालिकाको सम्भावनालाई उजागर गर्दै मित्रवत सम्बन्ध स्थापित गरी पारस्परिक एकतालाई प्रवर्द्धन गर्न अन्य गाउँपालिका/नगरपालिकासंग भगिनि सम्बन्ध स्थापना गरिनेछ ।
- सिमानामा रहेका खाँडादेवि, दोरम्वा, तिमाल र चौरिदेउराली गाउँपालिकाहरुसंग समन्वय, सहकार्य र साझेदारी मार्फत सीमा विवादको निरुपण, पूर्वाधार संरचनाको निर्माण तथा आपसी सहमति अनुसार साझा कार्य गर्ने परिपाटिलाई निरन्तरता दिइनेछ ।
- यस क्षेत्रमा कुनै गैरसरकारी संस्थाले कार्यक्रम गर्न चाहेमा पूर्व स्वीकृति लिनुपर्ने र गाउँपालिकाले तोकेको क्षेत्रमा मात्र काम गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागु गरिनेछ ।

- निजी क्षेत्र,गैरसरकारी क्षेत्र र सुरक्षानिकाय संगको सहकार्य र समन्वयमा जंगली जनावरबाट हुने मानविय तथा बालीजन्य क्षतिको लागी आवश्यक  व्यवस्था गरिनेछ ।
- स्वस्थ्य मासु र मासुजन्य पदार्थ बिक्री वितरणको लागी आवश्यक मापदण्ड बनाईकार्यन्वयन गरिनेछ ।
- आ.व. ०७५/७६ मा सुनापति डाँडाबाट गरिएको प्याराग्लाइडिङ परिक्षण सफल भएको हुदाँ आगामी दिनमा प्याराग्लाइडिङ उडान कार्यलाइ संस्थागत गर्ने संघ संस्थाहरुसंग सहकार्य र साझेदारी गर्ने नीति अवलम्वन गरिनेछ ।
- गाउँपालिकाको पहिचान झल्कीने लोगो निर्माण गरी गाउँपालिका भित्रका जनप्रतिनिधि,कर्मचारी र शिक्षकहरुले **<u>ड्रेस कोड संगै सो लोगो</u>** लगाउनुपर्ने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- सुनापति गाउँपालिकाको हाल कायम वडा संख्याहरुमा जनसंख्या, भुगोल, प्राकृतिक श्रोत साधन र सेवा प्रवाह लगायतका विषयलाई मध्यनजर राखी हाल कायम रहेको वडा संख्यामा आवश्यक हेरफेर गरीसुनापति गाउँपालिकालाई सन्तुलित विकास गरी अगाडि बढाईनेछ ।
- सुनापति, खाडाँदेवी र दोरम्बा गाउँपालिकाको विच भागमा पर्ने गाल्पा भन्ज्याङमा ईलाका प्रशासन कार्यालय, सुरक्षा निकायका कार्यलय जस्ता प्रशासनिक संरचनाहरुको स्थापना गरी तीनवटै गाउपालिकाको नागरिकहरुलाई  सहज र सुलभ तरिकाले सेवा प्रवाह गर्न यस गाउपालिकाले अन्य गाउँपालिकाहरुसगँ समेत समन्वय गरी प्रकृया अगाडि बढाइनेछ ।

**आदरणीय सभाध्यक्षज्यू,**
**आदरणीयसभासदस्यज्यूहरु ,**

१३.  सुनापति गाउँपालिकाको राजनीतिक,आर्थिक,सामाजिक लगायतका बहुआयमिक उपलब्धिहरुको जगेर्ना गरी समृद्ध र समुन्नत गाउँपालिका बनाउने,कोभिड-१९(कोरोना भाइरस) जस्ता महामारीको रोकथाम तथा नियन्त्रण गर्ने एवम पालिका भित्र महामारीबाट प्रभावित नागरिकको सर्वाङ्गीण हित गर्दै आभारभूत सेवा प्रवाहलाई थप प्रभावकारिता बनाई विकास निर्माणलाइ समेत गति दिने अठोटका साथ यस आ.व.२०७८।७९ को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

१४.  "**<u>समृद्ध नेपाल,सुखी नेपाली</u>**" को राष्ट्रिय आकाङ्क्षा पूरा गर्न सुनापति गाउँपालिका समेत दृढ र प्रतिवद्ध छ । यो नीति तथा कार्यक्रमको कार्यन्वयनमा यस गाउँपालिकालाई सवैबाट पूर्ण सहयोग हुने विश्वास व्यक्त गर्दछु । गाउँसभाका सभाध्यक्ष,सभासदस्यज्यूहरु लगायत सवैलाई स्थानीय कानून निर्माण र पालिकाको विकासमा देखाउनु भएको चासो र सुझावका लागि धन्यवाद दिन चाहान्छु । अन्त्यमा, यस गाउँपालिकाको समग्र विकासमा योगदान पुऱ्याउने राजनितिक दल,राष्ट्रसेवक,निजी सहकारी र सामुदायिक क्षेत्र,श्रमिक वर्ग,नागरिक समाज,आमसञ्चार लगायत सम्पूर्ण दिदी बहिनी तथा दाजुभाईहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।     धन्यवाद ।